# पुतलीबजार नगरपालिका
# सातौं नगरसभा
# आ.व. ०७७/७८ को नीति तथा कार्यक्रम :-

**गरिमामय सातौं नगरसभा मा उपस्थित प्रतिनिधि सभाका सदस्य ज्यु**
**प्रदेश सभाका सदस्य ज्युहरु**
**नगर सभाका सदस्यज्युहरु,**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकार अनुसार स्थानीय सरकारको रुपमा सातौं नगर सभामा उपस्थित भई आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफूलाई गौरवान्वित महशुस गरेकी छु । यस गरिमामय सभामा उपस्थित सम्पूर्ण सदस्यज्युहरु लगायत सवैमा हार्दिक स्वागत गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

सर्वप्रथम नेपाली जनताको सार्वभौम अधिकार नेपाली जनताले नै प्रयोग गरी जनताको प्रतिनिधि मार्फत नै देश विकास र जनताकै सेवा गर्ने अवसर जुटाउनका लागि आफ्नो ज्यानको आहुती दिनुहुने ती महान वीर शहिद नेपाली दाजुभाइ तथा दिदी बहिनीहरु प्रति म हार्दिक श्रद्धा सुमन अर्पण गर्न चाहन्छु । यसै अवसरमा हाम्रा अग्रज तथा यस नगरपालिकाका प्रथम मेयर उमेशचन्द्र थापाप्रति हार्दिक सम्मान एवं श्रद्धाञ्जली व्यक्त गर्दै जनताको आन्दोलनको क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिहरुलाई यस अवसरमा स्मरण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**सभाका सदस्यज्युहरु ,**

कोभिड-१९ महामारीका कारण मानव जातीमाथि शताव्दी कै सबै भन्दा ठूलो संकट पैदा भएको छ । विश्वस्तर मै यस महामारी विरुद्ध लड्न मौंजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट लाखौं मानिसको ज्यान गइसकेको छ । अरु लाखौं संक्रमित छन् । यस महामारीबाट संक्रमित भई नेपाल भित्र तथा नेपाल बाहिर जीवन गुमाउनु हुने नेपाली नागरिकहरु प्रति भाव पूर्ण श्रद्धञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो

समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

जोखिमपूर्ण परिस्थितिमा अग्रपङतीमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार, सरफाइकर्मी, एम्बुलेन्स चालक साथै अन्य सवारी चालक लगायत सम्पूर्ण राष्ट्रसेवकको म उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघ/संस्थालाई धन्यवाद दिन चाहन्छु । कोभिड -१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि नगरपालिकाले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा म सम्पूर्ण दिदी बहिनी तथा दाजुभाई एवं सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउनु हुने संघ/प्रदेश र नगर सभाका सदस्यज्यूहरु, राजनीतिक दल, नीजि तथा व्यावसायिक क्षेत्र, सञ्चारजगत र **"कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष"** मा रकम उपलव्ध गराउनुहुने सवै सहयोगी मनहरुलाई धन्यवाद दिन चाहन्छु ।

**सभाका सदस्यज्युहरु,**

नगरपालिकाले प्रथम नगरसभा देखि पारित नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्दै अगाडि बढीरहेको अवस्थामा यस नगरपालिका पनि प्रत्यक्ष अप्रत्यक्ष रुपमा कोरोना भाईरस ( कोभिड १९) को महामारीको चपेटाबाट मुक्त रहन सकेन । जुन लक्ष्य योजना र गतिका साथ अगाडि बढ्न खोजिएको थियो । त्यसमा व्यवधान आएको छ । विकासका आकांक्षा र गतिमा धक्का पुगेको छ । यस महामारीका कारण नगरपालिकाका केही प्राथमिकता बदलिएका छन् । अबको हाम्रो कार्यदिशा स्वास्थ्य, शिक्षा, रोजगारी र आर्थिक पुनरुत्थान तर्फ हुनेछ ।

कोभिड -१९ को महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आय-आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**"समृद्ध पुतलीबजार सुखी नगरवासी" को** आकांक्षा पुरा गर्न कोरोना भाईरस (कोभिड १९) महामारीका कारण समग्र सामाजिक तथा आर्थिक पक्षमा परेको प्रतिकुलता समेतलाई सम्बोधन गर्दै नगरसभाबाट नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । महामारीसँग जुध्नु

परिरहेको विषम परिस्थितिमा पनि नगरपालिकालाई समृद्ध बनाउने र सबै नगरवासीलाई खुसी बनाउने अभियानमा नगरपालिका थप दृढताका साथ अघि बढ्नेछ ।

**सभाका सदस्यहरु,**

यस नगरपालिकाको लागि नगरपालिकाको धर्ति, नगरपालिकाको प्रकृति, नगरपालिकाको संस्कृति, नगरपालिका र नगरवासीको समृद्धि, स्वाभिमान र गौरब भन्दा ठूलो अरु केही छैन । नगरपालिकाले आफ्ना सोच र कार्यहरुलाई नगरपालिकाका भूमि, प्रकृति, संस्कृति र नगरवासीको संरक्षण, विकास र सदुपयोग गर्ने, समग्र विकासलाई तीब्रता दिने एवं नगरवासीको मान, सम्मान, स्वाभिमान र गौरव बढाउने तर्फ पूर्ण ईमान र सम्पूर्ण सामर्थ्यका साथ केन्द्रित भएका छौं ।

नगरपालिका नगरवासीसँग गरेको प्रतिबद्धता अनुरुप **"समृद्ध पुतलीबजार, सुखी नगरवासी"** को आकांक्षा पुरा गर्न दृढ अठोटका साथ अघि बढिरहेको छ । यस नगरपालिकाले सिंगो कार्यकालका लागि प्रस्तुत गरेका लक्ष्य र प्रतिबद्धताहरु अघिल्ला तीन आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु मार्फत क्रमशः कार्यान्वयन हुँदै आएका छन् । नगरपालिकाको दृष्टिकोण स्पष्ट छ । गन्तव्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन्, नीति र कार्यक्रम जनमुखी छन्, कार्यान्वयन परिणाम मुखी छ ।

**सभाका सदस्यज्यूहरु,**

कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका सुरु देखि नै क्रियाशिल छ । हामी सबैको बेलैमा अपनाइएको सजकता, अथक क्रियाशिलता, लगनशिलता र मेहनतका कारण यस नगरपालिका भित्र आजका दिनसम्म कोरोना भाईरस (कोभिड-१९) नियन्त्रित रुपमा नै छ । यसको रोकथाम र नियन्त्रणका लाागि नगरपालिकाले अतिरिक्त श्रोत परिचालनका लागि छुट्टै कोषको व्यवस्था गरी सरकारी, नीजि र अन्य क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा हुने र खर्च गर्ने व्यवस्था मिलाएको छ । बन्दाबन्दीको अवस्थामा सरकारी संयन्त्र मार्फत समेत औषधि, खाद्य वस्तुलगायतका अत्यावश्यक उपभोग्य वस्तुहरुको सहज आपूर्ति हुने व्यवस्था गरिएको छ ।

महामारी र बन्दाबन्दीबाट प्रभावित उद्योग व्यवसायलाई लक्षित गरी सहुलियतका व्यवस्थाहरु गरिएको छ । मृगौला पिडित बिरामीहरुलाई डाइलासिस गर्न पोखराको विभिन्न अस्तपतालहरुमा जान आउनका लागि नगरपालिकावाट निशुल्क यातायातको व्यवस्था गरिएको छ । गरीब, असहाय तथा विपन्न परिवार, दैनिक कमाइ गरी जीवनयापन गर्ने व्यक्ति

तथा बन्दाबन्दी र कोभिड-१९ ले निम्त्याएका र अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी वडाहरु मार्फत राहत उपलब्ध गराइएको छ। २०७७ जेठ मसान्त सम्म नगरपालिकाले व्यवस्थापन गरेको प्रकोप व्यवस्थापन कोषमा नगरपालिकाको तर्फवाट रु ४२ लाख, प्रदेश सरकारवाट १० लाख, विभिन्न संघ संस्था र व्यक्तिहरुवाट नगद रु २७ लाख ९६ हजार गरी कुल रु ७९ लाख ९६ हजार जम्मा भएको छ। साथै विभिन्न व्यक्ति तथा संस्थावाट रु. ४ लाख ३५ हजार बराबरको खाद्यान्न प्राप्त भएको छ भने हालसम्म सो कोषमा जम्मा भएको रकमवाट कुल रु ६४ लाख १७ हजार खर्च भइसकेको छ।

यसै गरी कोरोना रोकथाम र नियन्त्रणका लागि त्रिभुवन आदर्श क्याम्पसमा ७५ वेड र हिमालयन मा वि मा १५ वेड क्षमताको गरी कुल ९० वेड क्षमताको क्वारेन्टाइन स्थापना गरिएकोमा हिमालयन मा विमा विद्यालय सञ्चालनलाई ध्यानमा राखी हाल उक्त स्थानमा क्वारेन्टाइन नराखी तहाँ व्यवस्थापन गरिएको क्वारेन्टाइन व्यवस्थापन समेत त्रिभुवन आदर्श क्याम्पसमा नै व्यवस्थापन गरिएकोछ।। क्वारेन्टाइनमा बस्नुहुने व्यक्तिहरुको खाने, बस्ने सहितको सबै खर्चको व्यवस्थापन नगरपालिकाबाट नै गरिएको छ। यसका साथै यस नगरपालिका भित्र रहेको जिल्ला अस्पाताल मा ९ वटा आइसोलेसन कक्ष निर्माणका लागि सहयोग गर्नुका साथै यस नगरपालिकाको करेण्डाडा स्वास्थ्य चौकी वडा न. ११ र गणेशपुर स्वास्थ्य चौकी वडा न. ४ मा गरी ३६ वेडको आइसोलेसन कक्ष तयार गरिएको छ। अस्पतालमा आइसोलेसनमा रहेका विरामीहरुको खर्च प्रदेश सरकारवाट भएको छ। हाल सम्म क्वारेन्टाइनमा वस्ने व्यक्तिहरुको संख्या २७० जना रहेकोमा २१९ जना घर फर्किसक्न् भ्एको छ जिल्ला अस्पतालमा निर्माण गरिएको आइसोलेसनमा उपचाररत कोभिड-१९ को पोजेटिभ ६ जना बिरामी पूर्णरुपमा निको भई घर फर्किसक्नु भएकोछ। यस अवधिमा २१३ जनाको आर डि टि परीक्षण र ९० जनाको पि सि आर परिक्षण गरिएको छ। आर डि टि परीक्षण सवैको नेगेटिभ रिजल्ट प्राप्त भएको र पि सि आर मध्ये ६३ जनाको रिजल्ट नेगेटिभ प्राप्त भएको छ भने २८ जनाको रिजल्ट प्राप्त हुन वाँकी रहेको छ।

**सभाका सदस्यज्युहरु,**

विगतका आर्थिक वर्षहमा यस नगर सभावाट पारित नीति तथा कार्यक्रमहरु मध्ये कतिपय नीति तथा कार्यक्रम कार्यान्वयन भइसकेको र कतिपय नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुने क्रममा रहेका छन। हामीले अख्तियार गरेका कतिपय नीति तथा कार्यक्रमहरु नगरपालिकाको मात्र एकल अधिकारको क्षेत्र भित्र नभई प्रदेश सरकार तथा संघीय

सरकारसंग सम्बन्धित भएको हुँदा आवश्यक संबैधानिक तथा कानूनसम्मत प्रक्रिया पुरा गर्ने चरणमा नै रहेका छन् ।

आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलव्ध गराई शान्ति सुव्यवस्था सहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न नगरपालिका प्रतिबद्ध छ ।

नगरपालिकाले यस गरिमामय सभामा प्रस्तुत यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय तथा प्रदेश कानूनहरु, संघीय सरकार तथा प्रदेश सरकारले लिएका  नीति, कार्यक्रम र बजेट बक्तव्य, हाम्रै नगरपालिकाको मौलिकता, विगत वर्षहरुमा लिईएका नीतिहरु, राजनैतिक दल, स्थानीय बुद्धिजीवि, समाजसेवी, विकास विज्ञहरुको राय सल्लाह सुझाव ससमेतलाई मूल आधारका रुपमा लिइएको जानकारी गराउँदछु ।

**सभाका सदस्यज्युहरु,**

आ.व. ०७७।०७८ को वजेट, नीति तथा कार्यक्रमको उद्देश्य एवं प्राथमिकता निम्न अनुसार भएको व्यहोरा यो सभा समक्ष प्रस्तुत गर्न चहान्छु ।

**नीति तथा कार्यक्रमका उद्देश्यहरु :-**

१. नगरबासीको गरीबी न्यूनिकरण गर्दै जीवनस्तर सुधार गर्न न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने,

२. कोरोना भाईरस (कोभिड -१९) को रोकथाम, नियन्त्रण र उपचारको प्रभावकारी व्यवस्थापन गर्ने ।

३. सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

४. संकटमा पर्न लागेको सञ्जालहरुलाई चलायमान र गतिशील बनाउने ।

५. उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गर्ने ।

६. समाजवाद उन्मुख आत्मनिर्भर समाज निर्माण गर्न सहयोग पु-याउने ।

७. सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व पालना गराउदै आर्थिक र बित्तिय अनुसासन र सुशासन कायम गर्ने ।

**नीति तथा कार्यक्रमका प्राथमिकताहरु :-**

१. नगरभित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकताहरुको परिपूर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन,

२. कोरोना भाईरस (कोभिड -१९) ले रोजगारी गुमाएका र स्वदेशमै बेरोजगार नागरिकलाई अवसर प्रदान गर्नु ।

३. लक्षित वर्ग र समुदायको उत्थानका लागि सामाजिक सुरक्षा र शसक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्नु ।

४. सबै तहको सरकारको समन्वय र साझेदारितामा सर्वाङ्गिण विकासमा टेवा पु-याउनु ।

५. शीघ्र प्रतिफल दिने र अधुरा एवं क्रमागत योजनाहरुको कार्यान्वयन गर्नु ।

६. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँच अबिधृद्धि गर्नु ।

**सभाका सदस्यज्युहरु,**

विकासको प्रमुख दायित्व यस पुतलीबजार नगरक्षेत्रमा नगरपालिकाको हो । पुतलीबजार नगरपालिकाको सर्वाङ्गिण एवं बहुआयमिक विकास गर्न पुतलीबजार नगरपालिकाबाट मात्र एक्लै सम्भव छैन । यस नगरपालिका बाहेक विकासका संवाहकहरु संघीय सरकार, प्रदेश सरकार र अन्य संघसंस्था तथा निकायहरु छन । सबै तह तथा निकायहरुसँग समन्वय, सहकार्य, साझेदारिता र हातेमालो गरी अगाडी बढ्नु पर्ने व्यहोरा म यस सभामा राख्न चहान्छु ।

**सभाका सदस्यज्युहरु,**

अब म आर्थिक वर्ष २०७७/०७८ को विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## *१. आर्थिक विकास तर्फ :–*

१.१ कृषि :-

- कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गरिनेछ । महिला तथा अर्ध बेरोजगार र बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गरिनेछ ।

- बास्तविक कृषकलाई सरल एवं सहज ढंगले उत्पादनमा अनुदान उपलव्ध गराउने नीति लिइनेछ। कृषकलाई अनुदानित बीऊ तथा नविनतम प्रविधि समयमै उपलव्ध गराइनेछ।
- यस नगरपालिकाले भूमि उपयोग विहिन रहने स्थितिको अन्त्य गर्ने नीति लिएको छ। सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गका किनारा, खोला नदी उकास र उपयोग विहिन सरकारी सार्वजनिक जमिनमा फलफूल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ। नीजि बांझो जग्गा, खेतवारीका कान्ला र आलीमा समेत दलहन, तरकारी, फलफुल र अन्य विरुवा लगाउन कृषकलाई अभिप्रेरित गरिनेछ। बजार क्षेत्रमा करेसावारी, कौसी र गमला खेती प्रवर्द्धन गरिनेछ।
- कृषि योग्य भूमिको नियमित माटो परिक्षण गराई कृषहरुलाई माटोको प्रकार, विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलव्ध गराइनेछ। गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ। प्राविधिकहरु कृषकको खेत, बारी, गोठ तथा फर्म मै पुगी कृषि तथा पशुपंक्षीपालन सम्बन्धी प्राविधिक सेवा दिने व्यवस्था मिलाइने छ।
- सुन्तलाजात फलफुलको उत्पादन, गुणस्तर व्यवस्थापन र बजारीकरणमा सहयोग गरि सुन्तलालाई नगरको पहिचानयुक्त फलफुल तयार गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरि नगरलाई *"सुन्तलाको शहरको"* रुपमा विकास गर्नको लागि प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना सुन्तला सुपरजोन कार्यालय तथा कृषी ज्ञान केन्द्र लगायत अन्य सरोकारवाला निकायहरुसंग छलफल गरी सोही अनुरुप कार्यक्रमहरु सञ्चालन गरिनेछ। कृषक दाजुभाई तथा दिदीबहिनीका लागि बाँदर साझा समस्यका हो। यसको नियन्त्रणका उपायहरुको खोजी गरी आवश्यक व्यवस्था गरिनेछ।
- कृषकहरुले लागतको आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणको प्रवन्ध गरिनेछ।
- कृषि उत्पादकत्व दोब्बर गर्न कृषिमा आधुनिकिकरण, यान्त्रिकरण र व्यवसायिकरण गरिनेछ।
- कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।
- जलवायु परिवर्तन, रोगको प्रकोप एवं प्राकृतिक विपदबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनिकरण गरिनेछ। पशुपंक्षी तथा वाली विमा र जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरी साझेदारिता र सहकार्यमा लगानी सुरक्षण गरिनेछ।
- काम सुरु गरिएको गोठिङ्ग फाँट र ठूलीबेसी फाँटको चक्लाबन्दी कार्य आगामी आ. व. भित्र सम्पन्न गरिनेछ। अन्य सम्भाव्य स्थानको भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरी व्यवसायिक खेती, सहकारी खेती र सामुहिक खेती गर्न वा समुदायको समन्वयमा एकै प्रकारको बाली

लगाउन उत्प्रेरित गरिनेछ । टोल विकास संस्था मार्फत बांझो रहेको सार्वजनिक जग्गामा सामुहिक खेती गर्न प्रोत्साहन गरिनेछ ।

- *"एकघर एक करेसाबारी, एक टोल विकास संस्था एक नर्सरी"* कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाईनेछ ।
- व्यवसायिक तरिकाले अगाडी बढ्ने कृषकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ ।

## १.२ पशु विकास

- पशु सेवा व्यवसायलाई विविधीकरण र आयमूलक सम्मानित पेशाको रुपमा विस्तार गर्न उत्कृष्ट कृषक सम्मान तथा अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ
- नश्ल सुधारका कार्यक्रम सञ्चालन, उन्नत नश्लको व्यवसायिक पशुपंक्षीपालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ । गाई, भैंसी, बाखा, बंगुर तथा कुखुरापालन गरी दुध, मासु र अण्डाको उत्पादन बढाइने छ ।
- किसानलाई पशु बीमातर्फ प्रोत्साहित गरिने नीति अवलम्वन गरिने छ ।
- भूस्याहा कुकुर नियन्त्रण तथा व्यवस्थापन गरिने छ ।
- छाडा पशु नियन्त्रण गरिने छ ।
- घरपालुवा पशुहरु वेवारिसे छाड्ने व्यक्तिको पहिचान गरी कडा कारवाही गरिनेछ

## १.३ उत्पादन/रोजगार/उद्योग वडा विकास :-

नगरपालिकाले "**उद्यमशिलता, रोजगारी र उत्पादन बृद्धि, हुन्छ नगरपालिकाको समृद्धि**" को नीति लिनेछ । उपलव्ध श्रोत, साधन, पुर्जी, सीप एवं प्रविधिको अधिकतम उपयोगबाट उत्पादन र उत्पादकत्व बृद्धि गर्ने गरी साना तथा मझौला उद्योग तथा कृषि क्षेत्रमा देहाय बमोजिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- **वडा विकास कार्यक्रम** मार्फत समुदायस्तरमा संगठन, वचत र सीपका आधारमा टेवा पु-याई टोल विकास संस्थाको संस्थागत विकास गरी गरीबि निवारण, आयआर्जन, शसक्तिकरण र रोजगारीमा उल्लेख्य टेवा पु-याईनेछ ।
- पर्याप्त आन्तरिक रोजगार भई नसकेको अवस्थामा कोभिड-१९ को विश्वव्यापी महामारीले स्वदेशको रोजगार संकुचित हुने र बैदेशिक रोजगारीमा रहनुभएका नगरवासिहरु फर्किने सम्भावित परिस्थितिले बेरोजगारको संख्या बढ्ने जोखिम देखिएको छ । बेरोजगारहरुको

सम्भावित पंक्तिलाई कृषि, भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादन मूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ ।

- खाद्य, कृषि तथा वनजन्य बस्तुहरुको प्रशोधन, जनजीवनलाई सुचारु गर्न नभई नहुने बस्तु, औषधी र स्वास्थ्य सामाग्री एवं स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने उद्योगहरुको स्थापना र विस्तारका लागि विशेष प्रोत्साहन गरिनेछ ।
- संघीय सरकार र प्रदेश सरकारको समन्वयमा स्थानीय श्रोत साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन, रोजगारी सृजना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्योगहरु सञ्चालन र विस्तार गर्न अभिप्रेरित गरिनेछ ।
- नगरपालिकाले सरोकारवालाको सक्रियता र समन्वयमा बजार अनुगमन गरिनेछ । उपभोक्ता हित विपरित क्रियाकलापमा संलग्न हुने जोकोहीलाई कारवाहिको दायरामा ल्याइनेछ ।
- एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने संघीय एवं प्रदेश सरकारको नीति अनुरुप नगरपालिका वडा नं. ४ ठूलीबेसीमा औद्योगिक ग्राम स्थापना अगाडी बढेको छ । उक्त औद्योगिक ग्रामको निर्माण कार्य सम्पन्न गरिनेछ ।
- स्थानीय कच्चा पदार्थको उपयोगमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ
- कृषिजन्य तथा घरेलु उद्योगको स्थापना र सञ्चालनमा सरल र सहज वातावरण बनाउन जोड दिइनेछ ।
- मेयरसंग रोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बेरोजगार यूवाहरुलाई रोजगारयुक्त बनाउनु हाम्रो कर्तव्य हो । यसका लागि नियम बनाई **श्रममा आधारित रोगार कार्यक्रम** सञ्चालन गरिनेछ ।
- नगरपालिकाभित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।
- कृषिजन्य उत्पादनको बजार व्यवस्थापनमा जिल्लाका चेम्बर्स अफ कमर्स र उद्योग बाणिज्य संघ जस्ता व्यापारिक संघ संस्थालाई नेतृत्वदायी भूमिका निर्वाह गर्न अभिप्रेरित गरिनेछ ।
- कम्तीमा १५ जना श्रमिकलाई रोजगारी दिने गरि स्थापना हुने उद्योग स्थल सम्म आवश्यक भौतिक पूर्वाधारमा (सडक, विद्युत र पानी) नगरपालिका बाट लगानी गरिने नीति अवलम्बन गरिनेछ ।
- उद्योग तथा व्यवसायिक क्षेत्रमा नीजी क्षेत्रको लागानी प्रवर्द्धन गर्ने तथा लगानीमैत्री वातावरण सृजना गरिनेछ ।
- घरेलु तथा साना उद्योगहरु संचालन र व्यवस्थापन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

- समाजमा रहेका विभेद, पछौटेपन, गरिवी र वेरोजगारी हाम्रो समाजविकासको वाधकरहेको विद्यमान अवस्थामा यिनीहरुको न्यूनीकरण एवं अन्त्यको अभियान स्वरुप वडा विकास कार्यक्रम सञ्चालन गरी वडाको आर्थिक, समाजिक विकासलाई गति प्रदान गरिनेछ ।
- अन्तर पुस्ता सिप हस्तान्तरण कार्यक्रम गरी परम्परागत सीप र घरेलु कलालाई संरक्षण एवं सम्वर्द्धन गर्ने नीति लिइनेछ ।
- बैदेशिक रोजगार गुमाई विवषताले घर फर्कनु भएका युवा उद्यमीहरुलाई संबन्धित टोल विकास संस्था मार्फत सामुहिक वा एकल उद्यमशिलता कार्यान्वयनका लागि सहुलियत दरमा उनीहरुले रोजेको व्यवसाय एवं उद्यम सञ्चालनार्थ आवश्यक पर्ने घुम्ति कोष/सहुलियत ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- उत्कृष्ट कृषक र उद्यमीहरुलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

१.४ पर्यटन :

- **"आफ्नो काम आफ्नो रोजगार कृषी र पर्यटन हाम्रो आधार"**भन्ने नारा सहित कृषि र पर्यटन क्षेत्रलाई पुतलीबजार नगरपालिकाको रोजगारी एवं विकासको आधार बनाईनेछ ।
- नवप्रर्वतनकारी युवा तथा अन्य उद्यमी र बैदेशिक रोजगारबाट फर्कनु भएका अनुभवी तथा सीपयुक्त उद्यमशिल युवाहरुलाई उद्यम व्यवसाय सुरु गर्न प्रोत्साहन गरिनेछ । उद्यम व्यवसाय गर्न टोल विकास संस्था मार्फत क्षमता विकास प्रविधि हस्तान्तरण, वित्तिय पहुँच र बजारीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपमुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसँग आवद्ध गरी यथार्थ उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ । यसका लागि रोजगार सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ ।
- यस नगरपालिकाले पर्यटन क्षेत्रमा कोभिड -१९ ले पारेको प्रभावको अध्ययन गरी पुनरुत्थान लगायत दीगो पर्यटनका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाभित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरी तिनको विकास गरिने छ । साथै आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्ने नीति लिइनेछ ।
- नगरपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरुमा घरबास (Home Stay) कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकाभित्र रहेको सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोगको नीति तर्जुमा गरी

निजी क्षेत्रको सहकार्यमा पर्यटकीय भौतिक संरचना निर्माण गरी नगरको आय बृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।

- सांस्कृतिक विविधताको विकास गरी पर्यटक आकर्षण गर्ने तर्फ विशेष जोड दिइनेछ ।
- नगरको पर्यटन विकासका लागि आवधिक नगर विकास योजना तयारगर्दा पर्यटन गुरुयोजना समेत समावेश गरिनेछ । सो गुरुयोजनाको आधारमा नगरपालिकाभित्र रहेका धार्मिक पर्यटकीय स्थलहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रचार प्रसार गरी महत्वपूर्ण गन्तव्यका रुपमा विकास गरिनेछ ।
- आँधीखोला, अरौदीखोला र वाडखोलाको संगम स्थललाई “श्रवण कुमार” को पहिचान सहित “**त्रिवेणी धाम**” तिर्थस्थल बनाउने नीति अनुरुप सम्बन्धित खोलाको सरसफाई अभियान सञ्चालन गरिनुका साथै डि पी आर तयार गरी कार्यान्वयन गरिनेछ ।
- धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विकास, प्रवर्धन र विस्तारको लागि विशेष योजना संचालन गरिनेछ ।

### १.५ सहकारी :-

- नगरपालिका भित्रका सहकारीहरुको क्षमता विकास गरी सेवामूलक कार्यका परिचालन गरिनेछ
- सहकारीहरुको कार्यको नियमित रुपमा अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ ।
- स्थानीय उत्पादन बृद्धि, रोजगारी श्रृजना र गरीबी न्यूनिकरण गर्न सहकारी क्षेत्रको प्रवर्द्धन गरिनेछ । उद्देश्य र कार्यक्षेत्रको विश्लेषणको आधारमा सहकारी संस्थाहरुलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ ।

## २. *सामाजिक विकास क्षेत्र तर्फ* :-

यस नगरपालिकाले गुणसतरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई सेवामा सवै नगरवासीको समतामूलक पहुंच सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षा तथा स्वास्थ्य सेवामा नगरपालिकाको भुमिकालाई थप प्रवल बनाउन देहाय बमोजिमका नीति तथा कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

### २.१ शिक्षा तथा खेलकुदः-

- बालबालिकालाई “**विद्यालय लगौं र पढाइमा टिकाऔं**” कार्यक्रमलाई थप प्रभावकारी बनाई विद्यार्थीले कम्तिमा माध्यामिक तह पुरा गर्ने व्यवस्था मिलाइनेछ ।

- सार्वजनिक विद्यालयको समग्र सुधारका लागि विद्यालय तथा शिक्षण संस्थाहरुको नक्साङ्कन गरी भूगोल र विद्यार्थी संख्याको आधारमा गर्दै आएको समायोजनलाई निरन्तरता दिइनेछ । गुणस्तरीय शिक्षाका लागि विद्यालयमा योग्य, दक्ष र शिक्षण पेशामा प्रतिवद्ध शिक्षकको आपूर्ति, विकास र परिचालन गरिनेछ ।
- विद्यालय स्तरमा विज्ञान शिक्षालाई प्रभावकारी र रुचिकर बनाउन बैज्ञानिक सिकाइ विधिमा जोड दिइनेछ ।
- पाँच वर्ष मुनिका बालबालिकाको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बाल बिकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- भविष्यका कर्णधारका रुपमा रहेका विद्यार्थीहरुको पठनपाठन र पढ्न पाउने नैसर्गिक अधिकारलाई सीमित गर्न खोज्ने कुनै पनि प्रवृतिलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।
- संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्दर्भमा उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गर्दै सबै नगरबासीहरुलाई स्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्दै लगिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री, प्रविधिमैत्री एवं माध्यमिक तहमा विषयगत शिक्षक अभावलाई व्यवस्थापन गर्दै नगरपालिकाको प्रत्येक वडामा कम्तिमा एउटा नमूना विद्यालय विकासको कार्य प्रारम्भ गरिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।
- उत्कृष्ट नतिजा प्राप्त गर्ने सामुदायिक विद्यालय र शिक्षकलाई प्रोत्साहन गरिनेछ ।
- निजीक्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउदै लैजाने निति अवलम्बन गर्दै संस्थागत विद्यालयहरुलाई शैक्षिक मापदण्ड अनुसार सञ्चालन गर्न नियमित अनुगमन, निरीक्षण र नियमन गरिने छ ।
- अपाङ्गता भएका बालबालिकाहरुको पठन पाठनलाई सुनिश्चित गर्न विशेष विद्यालय संचालनमा सहयोग पुचाइनेछ ।
- भविष्यका कर्णधार र वर्तमानका हिस्सेदार बालबालिकाहरुको चौतर्फी विकास गरी यस नगरपालिकालाई बालश्रममुक्त बनाइनेछ ।
- युवाहरुलाई खेलको माध्यमवाट अनुशासित र मर्यादित जिवन यापन गर्न सकिने बनाउन खेल र खेलाडीको विकास गर्दैजानै नीति लिइनेछ
- नगरस्तरीय अन्तर विद्यालय मेयरकप खेलकुद कार्यक्रम संचालन गरिनेछ ।
- उमेशचन्द्र मेयर कप फूटवल कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- एक वडामा एक बाल उद्यानको स्थापना गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- वालमैत्री स्थानीय शासन प्रणाली लाई अवलम्वन गरिनेछ ।
- सबै प्रकारका  बालश्रम लाई निषेध गरिनेछ ।
- महिला जनप्रतिनिधिहरुका लागि क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## १.२ स्वास्थ्य :-

- **स्वस्थ नगरवासी** निर्माण हाम्रो नगरपालिकाको मूल स्वास्थ्य नीति हो । प्रकृतिमैत्री स्वच्छ जीवन प्रणाली प्रवर्द्धन गरी नगरवासीको रोग प्रतिरोधी क्षमता बृद्धि गर्न निरोधात्मक कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवामा प्रतिरोधात्मक र उपचारात्मक विधि अवलम्वन गरिनेछ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट विपद वा महामारीका समयमा सम्भव भएसम्म अधिकतम स्वास्थ्य सुविधा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा नगरपालिकाको सवै घर परिवारसम्म पुऱ्याउन आवश्यक समन्वय गरिनेछ ।
- जनताको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन नगरभित्रका स्वास्थ्य सेवा तथा संस्थालाई थप  प्रभावकारी बनाई क्षमता विस्तार गरिनेछ ।
- वडा स्तरमा वर्थिङ्ग सेन्टर स्थापना गरी मातृशिशु स्वास्थ्य सेवालाई विशेष ध्यान  दिईनेछ ।
- समुदायस्तरमा स्वास्थ्य साक्षरता सम्वन्धी सचेतना कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइनेछ
- वालवालिकालाई “पूर्ण खोप सुनिश्चितता” गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारबाट निःशुल्क प्रदान गरिने औषधीहरु आवश्यकताका आधारमा नगरबासीको पहुँचमा पुऱ्याइने छ ।
- सातु पसल स्वास्थ्य चौकीमा रहेको प्रयोगशाला सेवालाई निरन्तरता  दिनुका साथै आगामी आ.व. मा पेल्काचौर स्वास्थ्य चौकीमा समेत प्रयोगशाला सेवा विस्तार गरिनेछ । पुतलीबजार नगरपालिका - २ र पुतलीबजार नगरपालिका - ३ मा शहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याईनेछ ।

## १.३ यूवा, महिला, बालबाीलका , सामाजिक सुरक्षा तथा  समावेशीकरणः-

- सबै नगरवासीको जीवन सुरक्षित मर्यादित तथा गुणस्तरीय बनाउनका लागि नगरपालिकाका विभिन्न तह र निकाय तथा संघ/संस्थाहरुबाट सञ्चालित सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरुलाई एकीकृत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

- एकल महिला, अशक्त, बृद्धबृद्धा र फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक सुरक्षाभत्ता वितरणलाई थप सहज वनाउन वैंकिङ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- विकास कार्यक्रम तथा आयोजनाहरुलाई बढी भन्दा बढी रोजगारीमुलक र लैंगिक दृष्टीले उत्तरदायी बनाउन आयोजनाका सवै चरणमा लैंगिक पद्धतिहरुको विकास, कार्यान्वयन र अनुगमन गरिनेछ । साथै लैंगिक समता र समानताका लागि आवश्यक क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिद्वारा सञ्चालन हुने उद्यमशील कार्यमा नगरपालिकाद्धारा विशेष सहुलियत प्रदान गरिने नीति लिइनेछ ।
- आफ्नो हेरचार आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असाहाय, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका र लोपोन्मुख जातिका नगरवासीहरुको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ ।
- युवाहरुलाई कुलतमा फस्नबाट जोगाउन लागुऔषध निषेध र मदिरा नियन्त्रणका लागि प्रवर्द्धनात्मक र नियन्त्रणात्मक कार्यहरु सञ्चालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- महिला, बालवालिका, दलित, आदीवासी, जनजाती, मुस्लिम, अल्प संख्यक र अन्य फरक क्षमता भएका पक्षका लागि विशेष क्षमता विकासका दृस्टिले टेवा दिनुपर्ने पक्षको उत्थानका निम्ति विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालबालिकाहरुलाई मदिरा एवं सुर्ती जन्य पदार्थ किनबेच गर्न रोक लगाउने नीति लाई निरन्तरता दिइनेछ ।प्रत्येक वडामा एक/एक वटा खेल मैदान निर्माण गर्ने र स्वस्थ यूवा नागरिकको निर्माण गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।
- विभिन्न जातजाती, धर्मालम्वी, कला संस्कृतिको जगेर्ना, संरक्षण र प्रबर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- समाजमा वर्गीय, जातीय, लैंगिक, दृष्टिकोणबाट पछाडि पारिएका एवं एकल महिलाको आयआर्जनको निम्ती उनीहरुलाई सामाजिक परिचालन कार्यक्रमका गतिविधिसँग विशेष ढंगले जोडिने नीति लिइनेछ ।
- महिला तथा फरक क्षमता भएका व्यक्ति, समुह तथा संस्थाद्धारा उत्पादित सामाग्रीहरुको गुणस्तर प्रवर्द्धन र बजार पहुँचको सुनिश्चितता गरिनुका साथै कोशेलीघर संचालन र व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ ।
- समाजमा रहेका विभिन्न किसिमका विभेद तथा छुवाछुत अन्त्य गर्न आवश्यक कार्य संचालन गरिनेछ ।

- जेष्ठ नागरिक हरुको संरक्षण, सम्मान, उपचार तथा मनोविमर्श जस्ता सहायताहरु उपलव्ध गराउँदै लगिनेछ ।
- जेष्ठ सदस्यहरुको हेरचाह तथा पालन पोषण गर्ने परिवारका सदस्यहरु लाई सम्मान गरिनेछ ।
- जेष्ठ नागरिक तथा पूर्ण आपाङ्गहरुको लागि घरदैलो स्वास्थ्य सेवा संचालन गर्ने नीति लिइनेछ ।
- नगरपालिका भित्रका अति विपन्न, जगाधनी प्रमाण पुर्जा विहिन सुकुम्वासीका लागि किफायती र वातावरण मैत्री आवास उपलव्ध गराउन सुरक्षित नागरिक आवास कार्यक्रम गरिनेछ ।
- अलपत्र बेवारिसे नागरिकहरुको संरक्षण तथा व्इवस्थापन गरिनेछ ।

## ३. *बन बाताबरण, विपद व्यवस्थापन र सरसफाई क्षेत्र तर्फ :–*

### ३.१ बन तथा वातावरण संरक्षण

- जैविक विधिताको संरक्षण एवं प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ । बाताबरण र विकास बीच सन्तुलन कायम हुने गरी विकास कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।
- बर, पिपल, समी, चौतारो, कुवाकुण्ड, पोखरी निर्माण एवं संरक्षण गर्ने र उक्त कार्यमा महत्वपूर्ण योगदान गर्ने निकायको अभिलेखीकरण तथा उत्थान गरिनेछ ।
- ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन नियमका प्रावधान अवलम्वन गरिनेछ ।
- नगर गौरबका सडकहरु निर्माण गर्दा वातावरण संरक्षण सम्बन्धि कार्यलाई समेत लागत अनुमानमा समावेश गर्ने व्यवस्था गरिनेछ ।
- खानेपानीका मुहान तथा टंकीहरुको सरसफाई र पानी शुद्धिकरण गर्न आवश्यक सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बाढी, पहिरो नियन्त्रणका लागि तटबन्ध लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक वनको संरक्षण र सम्वर्द्धन गरिनुका साथै सामुदायिक वनका पदाधिकारीहरुको व्यवस्थापकीय क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- शहरी क्षेत्रमा हरियाली नगर प्रवर्द्धनात्मक कार्यक्रम तर्जुमा गरी प्रत्येक घरका अगाडि वा कौशी वा छतमा कम्तीमा २ वटा बहुवर्षिय, अर्नामेन्ट प्लान्ट रोपण गर्न लगाइ हरियाली प्रवर्द्धनमा टेवा पुऱ्याउन प्रोत्साहन गरिनेछ ।

- सरसफाई केन्द्र परिसर र नगरपालिका कार्यालय परिसरमा थप शौन्दर्य करणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगरभित्र प्रत्येक वडामा १/१ वटा नर्सरी तथा फूल विरुवा सहितको सार्वजनिक उद्यान नमुना बगैचा एवं मनोरञ्जन पार्क निर्माण गर्न टोल विकास संस्था परिचालन गरिनेछ ।
- खाली प्रति जग्गाको संरक्षण तथा रुख विरुवा रोपण कार्यलाई अगाडि बढाइनेछ ।
- भूक्षय, नदीकटान र बाढीपहिरो नियन्त्रण कार्यमा साझेदारिता र सहकार्यका योजनाहरु सञ्चालनमा जोड दिइनेछ ।

**३.२ बिपद तथा प्रकोप व्यबस्थापन :–**

- बारुणयन्त्र जे.सि.भि. लगायतका उपकरणको सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँच स्थापित गरिनेछ ।
- विपद् र प्रकोप पिडितहरुका लागि उद्दार हेतु अत्यावश्यक कार्यक्रम तथा विगत बर्षहरुमा दिईदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।
- निर्माणको चरणमा रहेका प्रकोप व्यवस्थापन रणनीतिक कार्ययोजना र आवधिक नगर विकास योजना सम्पन्न गरी कार्यान्वयनमा ल्याइनेछ ।
- विपद् सूचना केन्द्र, स्थायी क्वारेन्टाइन निर्माण एवं विपद् सामग्री भण्डारण केन्द्रको निर्माण कार्य अगाडि बढाइनेछ ।
- विपद् व्यवस्थापनका लागि सवै वडाहरुमा रहेको खुल्ला सार्वजनिक स्थलहरुको पहिचान र व्यवस्थापन गरिनेछ ।
- वातावरण तथा विपद् व्यवस्थापनका लागि आबश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिनेछ ।
- विपदपूर्व र विपद पश्चातप्रतिकार्य योजनाका लागि आवधिक रणनैतिक योजनाका अतिरिक्त साल बसाली विशेष कोष स्थापना गर्न वडास्तर टोलस्तर र समुदायस्तरमा विपद् प्रतिकार्य योजना कार्यान्वयनका लागि समुह निमाूण गरी क्षमता विकास तथा जनचेतना बढाउन र उचित राहत प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३.३ सरसफाई :–

- प्लाष्टिकको विकल्पको रुपमा प्रयोग गरिने कागज वा अन्यका झोला लगायतका अत्यावश्यक सामग्री उत्पादन वा विक्र बितरण गर्ने व्यक्ति, संस्था वा निकायहरुलाई क्षमता विकास गरी प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पशु बधस्थल निर्माण एवं व्यवस्थापनकालागि आवश्यक कार्य अगाडि बढाइनेछ ।
- नगरपालिकाभित्रको फोहोर न्यूनीकरण एवं व्यवस्थापनको लागि अल्पकालिन र दीर्घकालिन योजना निर्माण गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक नगरवासीको घर घरमा अनिवार्य शौचालयन हुनुपर्ने र अत्यावश्यक स्थानमा सार्वजनिक शौचालयको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सवै वडामापूर्ण सरसफाई उन्मुख कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरसफाई उकरण, शव व्यवस्थापन, शौचालयको व्यवस्थापनमा आवश्यक कार्य अगाडि बढाईने नीतिलिइएको छ ।
- सरसफाईकर्मीहरुलाई कार्यस्थलमै फोहोर व्यवस्थापन तथा सेग्रिगेशन तालिम दिइनेछ ।
- **स्वच्छ पुतलीबजार** अभियान सञ्चालन गरिने छ । वडा नं. १, स्थित मालेबगरमा निर्माणाधिन सरसफाई केन्द्रको निर्माण कार्य सम्पन्न गरिनेछ । फोहोरलाई मोहोरमा परिणत गर्न फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।
- घर भित्रको फोहोर व्यवस्थापन अन्तरगत छुट्टाछुट्टै जैविक/अजैविक गरी बर्गिकरण गर्न लगाउने, फोहोर न्यूनीकरणका लागि जैविक फोहोरबाट कम्पोष्ट मल बनाई कौसी खेती प्रवर्द्धन गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- समुदाय, स्वास्थ्य तथा सरसफाई कर्मी बीच घर परिवार भेटघाट कार्यक्रम सञ्चालन गरी टोल/छिमेकको सामुदायिक स्वास्थ्य र फोहोरमैला नियन्त्रण तथा व्यवस्थापन क्रियाकलापमा क्षमता विकास एवं जनचेतना अभिबृद्धि गरिनेछ ।
- नगरको सरसफाई, कन्टेनरको सेवाशुल्क र सरसफाई शुल्कको पुनरावलोकन गरी टोल विकास संस्थाको समेतका राय सुझावका आधारमा शुल्कका दर र दायरा फराकिलो पारिनेछ । उक्त शुल्क असुली गर्न नियम बनाई टोल विकास संस्था पनि परिचालन गर्न सकिनेछ ।
- नगर क्षेत्रभित्र जथाभावी बग्ने दुषित पानी नियन्त्रणका लागि बृहत्तर रुपमा पानी प्रशोधन योजना(water treatment plan ) र बृहत्तर नाला निर्माणका लागि डिटेल परियोजना रिपोर्ट ( DPR) तयार गरी अत्याबश्यक कार्य योजना तर्जुमा गरी कार्यान्वयनका लागि अघि बढाइनेछ ।

- टोल तथा वडाबाट प्राथमिकता दिए वमोजिमका कम्पोष्ट मल बनाउने बाल्टी तथा वेष्ट कम्पोजर विन वितरणमा लागत साझेदारिता अवलम्वन गर्दै क्रमश: सरोकारवाला सवैलाई वितरणको प्रबन्ध मिलाइदिनेछ ।

## ४. *भौतिक पूर्वाधार विकास क्षेत्र तर्फ :-*

यस नगरपालिकाले नगरवासीको जीवनयापनलाई सहज बनाउने, कृषि, उद्योग लगायतका उत्पादन क्षेत्रका लागि आधार निर्माण गर्ने, रोजगारी प्रवर्द्धन गर्ने र आर्थिक बृद्धिमा योगदान पुऱ्याउने गरी सडक, उर्जा, सिंचाई र शहरी पूर्वाधारहरुको विकासलाई उच्च प्राथमिकता दिएईको छ । माथि उल्लेखित पूर्वाधार विकासका लागि निम्नानुसारका नीति तथा कार्यक्रमको निर्धारण गरिएकोछ । :-

- आयोजना व्यवस्थापनलाई सुदृढ बनाई नगरपालिका भित्र सञ्चालनमा रहेका र सञ्चालन हुने विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ ।
- वडाको समन्यायिक विकास एवं विकास कार्यमा सबैको पहूँच सुनिश्चित गरी समुदायस्तरबाटै योजनाको छनोट र कार्यान्वयन गर्न प्रत्येक वडामा समन्यायिक र समानुपातिक हिसाबले बजेट बाँडफाड एवं कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- अत्यावश्यक पूर्वाधारको अभाव रहेका स्थानहरुमा नयां पूर्वाधार निर्माण गरिनेछ । विद्यमान पूर्वाधारहरुको क्षमता विस्तार, गुणस्तर सुधार, स्तरबृद्धि एवं समयमानुकुल मर्मत सम्भार गरिनेछ ।
- भुकुम्पबाट क्षतिग्रस्त १५६२ नीजि आवास मध्ये ६५६ सम्पन्न भई सकेका छन भने बांकी ९०६ नीजिवास पनि आगामी आ.व. को मध्ये (२०७७ साल पौष मसान्त) सम्म सम्पन्न गरिनेछ ।
- एकीकृत उर्जा तथा सिंचाई कार्यक्रम मार्फत सौर्य उर्जा समेतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य कृषि योग्य जमिनमा सिंचाई सुविधा उपलव्ध गराइनेछ ।
- मानव बस्ती, कृषि योग्य जमिन र अन्य श्रोत सम्पदालाई क्षति हुनबाट बचाउन आँधिखोला बाङ्खोला, दरौं खोला, अरौदीखोला, राङखोला र सुरौदी खोलामा संरक्षण एवं नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- **"पुतलीबजार नगर, उज्यालो शहर"** हाम्रो अभियान हो । यो अभियानलाई साकार पार्न सोलार तथा सडक बत्ती सबै प्रमुख शहरी क्षेत्र र राजमार्गमा जडान गर्ने  कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गण्डकी प्रदेश सरकारको पुतलीबजार नगरपालिकालाई  Satelite Sity बनाउने कार्यमा आवश्यक सहयोग र समन्वय गरिनेछ ।
- नगरपालिकावाट विगत देखी नै शुरुवात भई सञ्चालनमा रहेका नगर गौरव लगायतका क्रमागत र अधुरा योजनाहरुलाई सम्पन्न गर्ने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- यस नगरपालिका भित्र रहेका सम्भाव्य खानी तथा भौगर्भिक अनुसन्धान कार्यलाई अगाडी बढाईनेछ ।
- पुतलीबजार नगरपालिकावासीलाई एकघर एक धारा सहित सफा, स्वच्छ र शुद्ध पिउने पानीको व्यवस्था मिलाइनेछ । चालु क्रमागत योनााहरु सम्पन्नन गरी सम्भाव्यताका आधारमा प्राथमिकीरणमा परेका बाँकी योजनाहरु क्रमशः कार्यान्वयनमा ल्याईनेछ ।
- घना वस्ती, वडाको रणनैतिक महत्वको सडक, वडा केन्द्र तथा दुई पालिका वा दुई जिल्ला जोड्ने सडक, ५० हेक्टर भन्दा बढी क्षेत्रमा सिंचाई उपलब्ध हुने सिंचाइ योजना एवं ऐतिहासिक धार्मिक पर्यटकीय क्षेत्र संग सम्वन्धित नगर गौरवका योजनाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- पुतलीबजार नगरपालिकाको वडा ३ स्थित मजुवा फाँटमा **व्यवस्थित र सुरक्षित नमूना वस्ती** विकासको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडास्तरीय योजना तथा कार्यक्रम वडा कार्यालयमा नै सम्झौता गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गरी सोको भुक्तानी सम्वन्धि कार्य वडास्तरबाट नै गर्ने व्यवस्था मिलाउन आवश्यक प्रवन्ध गरिनेछ ।
- पक्की सडक नपुगेका नगरपालिकाका वडा कार्यालयसम्म आगामी २ बर्षभित्र पक्की सडक पुऱ्याउने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- भूकम्प पिडित जनताले आवास निर्माण गर्दा निशुल्क नक्सापास गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- वडा कार्यालय नभएका वडाहरुमा कार्यालय भवनका लागि कम्तीमा एक रोपनी जग्गा खरीद गरी भवन निर्माण गर्ने कार्यलाई प्राथमिता दिइने छ ।

- सडक लगायतका पूर्वाधार निर्माण गर्दा वायोइन्जिनियरिङद्वारा वातावरण संरक्षण तथा भुक्षय नियन्त्रण गर्ने कार्यलाई समावेश गरिनेछ ।
- सडक सम्वन्धि योजना सञ्चालन गर्दा मापदण्ड पुरा भएका सडकहरुमा कम्तिमा ६० प्रतिशत काम पक्की संरचना सम्वन्धि कार्य गर्ने गरी सञ्चालन गरिनेछ ।
- टेलिभिजन, एफ.एम रेडियो तथा पत्रपत्रिकाहरुको स्थापना, क्षमता विकास र गुणस्तर सुधारका लागि सामुदायिक तथा नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।
- वैकल्पिक उर्जाको विकास तथा प्रवर्द्धन गर्ने नीति लिइएकोछ ।

## ५. *संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन क्षेत्र तर्फ :-*

- कर्मचारीहरुको क्षमता विकासमा कार्यक्रम सन्चालन गरिनुका साथै कामका आधारमा प्रोत्साहन सुविधा उपलव्ध गराउने नीति अवम्वन गरिनेछ ।
- कार्यालयका सवै शाखाहरुमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउदै कागज विहिन कार्यालय बनाउने प्रयास गरिनेछ । यसै आ.व. मा राजश्व शाखाको क्षमता विस्तर गरी नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी नगरवासीको व्यापार/व्यावसाय एवं उद्योगको अभिलेखिकरण र तिनिहरुको तीर्न बाँकी कर तथा गैर करको बील वीज तयार पारी ई सेवा समेतबाट भुक्तानी हुने व्यवस्था मिलाइने छ ।
- आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्था मिलाइने छ ।
- शाखागत दरवन्दी किटानी, पदगत तथा शाखागत कार्य विवरण तयार गरी सोको आधारमा कार्यसम्पादन सम्झौता गरी लक्ष्य प्राप्ती तथा मूल्याङ्कन गर्दै अघि बढ्ने नीति लिइनेछ ।
- नगरपालिकाका सबै वडाहरुमा विद्युतिय शासन अनुसार इन्टरनेटको सुविधा पुऱ्याईनेछ र कार्यालयबाट हुने कामकाजलाई सूचना र प्रविधिसँग जोडी दक्ष कर्मचारीहरु बनाएर छिटो, छरितो, भरपर्दो रुपमासेवाआदानप्रदान गर्ने नीति लाईनिरन्तरता दिइनेछ ।
- नागरिक वडापत्रको अवधारणालाई आत्मसात गर्दै क्रमश क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- सार्वजनिक परीक्षण, सामाजिक परिक्षण सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टी परिक्षण उपभोक्ता सन्तुष्टी परिक्षण जस्ता क्रियाकलाप संञ्चालन गरी संस्थागत सुशासन कायम गरिनेछ ।

- उपभोक्ता समितिहरुलाई योजना संचालन, सम्पादन, भुक्तानी प्रकृयालाई सहज र सरल बनाउन अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- नागरिकहरुको सुविधाको लागि नीजि क्षेत्रसंग साझेदारी गरी Free Wifi सेवा उपलब्ध गराइनेछ ।
- नगरपालिका कार्यालय, वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई क्षमता बृद्धिको लागि कम्प्यूटर तालिमको व्यवस्थागर्ने साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही एवं व्यक्तिगत घटना दर्ता विवरण अनलाईन मार्फत् तयार गर्ने नीतिलाई प्रभावकारी वनाइनेछ ।
- नगरभित्र गठित सवै सञ्जालहरुको सशक्तिकरण गरिनेछ ।
- नगरभित्र स्थायी ठेगाना भई हाल विभिन्न मुलुकहरुमा कार्यरत नगरबासीको भावना, शीप र सुझावको कदर गरिनेछ ।
- पुतलीबजार नगरपालिकाको आर्थिक/सामाजिक एवं भौतिक पूर्वाधार लगायतका विकासको लागि स्वदेश तथा विदेशबाट सेवा निवृत एवं विषय विशेषज्ञहरुको योग्यता/दक्षताको उपयोग गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य कार्यक्रमका माध्यमबाट कामका लागि रोजगारमूलक योजनाहरु सञ्चालन गरिनेछ ।
- नगरपालिका भित्र नगर बस तथा अटो रिक्सा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

## ६. *राजस्व परिचालन तथा आन्तरिक आयका संबन्धमा*

- "कर डर होइन, नगर विकासको भर हो" भन्ने तथ्यलाई आत्मासाथ गर्दै नगरपालिकाको मेरुदण्डको रुपमा रहेको राजस्व बृद्धिको क्षेत्र एवं दर र दायरालाई फराकिलो बनाइने छ । राजस्व तिर्ने करदाताहलाई सम्मान गरिने नीति अवलम्बन गरिने छ । र कर दाता तथा उद्यम व्यवसायिलई वार्षिक रुपमा बील वीजक जारी अनलाईन प्रणली मार्फत घरमै बसी ई सेवाद्वारा कर तथा गैर कर भुक्तानी गर्न सक्ने गरी संस्थागत विकास गरिनेछ ।
- राजस्वका थप स्रोतहरुको पहिचानको लागि विस्तृत अध्ययन र सर्वेक्षण गरिनेछ ।
- राजश्वको चुहावट नियन्त्रणका लागि उपचारात्मक र प्रवर्द्धनात्मक उपायहरु अवलम्वन गरिने छ । चुहावटका सम्भावित स्थानहरुमा कर संकलनका लागि ढाट राख्ने तर्फ ध्यान केन्द्रित गरिने छ ।
- नगरबाट लिइने कर राजस्व, तथा गैर कर राजश्व आदी व्यवस्थित र नियमन गरिनेछ ।

● घर जग्गा पास, नक्सा पास, कर, राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।

● एकीकृत कर प्रणालीलाई अझ बदी वैज्ञानिक र प्रभावकारी बनाइनेछ ।

**सभाका सदस्यज्यूहरु**

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयबाट भौतिक, आर्थिक तथा सामाजिक र संस्थागत विकासमा ठोस उपलब्धि हासिल भई नगरपालिकाले लिएको **"समृद्ध पुतलीबजार, सुखी नगरवासी"** को आकांक्षा पुरा गर्न र जनताको जीवनस्तरमा सुधार ल्याउन पक्कै योगदान पुग्नेछ भन्ने विश्वास लिएकी छु ।

प्रस्तुत नीति तथा कार्यक्रमको लक्ष्य तथा उद्धेश्य प्राप्तिका लागि हामी जनप्रतिनिधिहरुको प्रयासवाट मात्र सम्भव छैन । तसर्थ राजनीतिक दल, कर्मचारी, सम्पुर्ण संघ संस्था, नागरिक समाज, आम सञ्चारजगत र सम्पूर्ण नगरवासीहरुको सामुहिक प्रयासबाट मात्र सम्भव हुने भएकोले समग्र पुतलीबजार नगरपालिकाको विकास गर्नका लागि तर्जुमा भएका नीति, योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्पूर्ण पक्षवाट आवश्यक सहयोग हुनेछ भन्ने विश्वास गर्दै प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयबाट नगरपालिकाको समृद्धिमा टेवा पुग्नेछ भन्ने आशा लिईएकोछ ।

प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्न आफ्नो महत्वपूर्ण राय, सल्लाह, सुझाव प्रदान गर्नु हुने तथा सहयोग र सक्रियताका साथ लाग्नु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, नगरस्थित क्रियाशील सहकर्मी राजनीतिक दलहरु, नागरिक समाजका प्रतिनिधि, प्राध्यापक, नगरपालिकाका कर्मचारीहरु, शिक्षक, सञ्चारकर्मी, सामाजिक संघ संस्था एवं पत्रकार र समाजसेवीहरु सबैमा हार्दिक आभार प्रकट गर्दै हामीलाई यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन गरी उत्प्रेरित गर्नु हुने नगरवासीहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । पुनः यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सदाझैं सबैबाट पूर्ण सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएकी छु ।

**सधन्यवाद ! नमस्कार !!**

प्रमुख
सीमा कुमारी क्षेत्री
पुतलीबजार नगरपालिका, स्याङ्जा ।